# धुनिबेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. ०८१/०८२ मितिः- २०८१/०५/१७
च.नं.

## सुचना ! सुचना !! सुचना !!!

### वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सहभागी हुने बारेको सुचना

वैदेशिक रोजगारीमा गई मृत्यु , अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट सत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका १८ वर्ष मुनिका १२ कक्षा सम्म अध्ययनरत बालबालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका नेपालका कुनै पनि सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थिहरुलाई उक्त कार्यक्रममा समावेश हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ । सम्बन्धित वडाको जनप्रतिनिधिज्युहरुले आवश्यक सहयोग, समन्वय गरिदिनुहुन समेत अनुरोध छ । छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका विद्यार्थिहरुले वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० बमोजिम आवश्यक काजगपत्र सहित आफु अध्ययनरत रहेको विद्यालयमा निवेदन पेश गर्नुहुन साथै सम्बन्धित विद्यालयले नगरपालिकाको रोजगार सेवा केन्द्र मा २०८१ असोज़ मसान्त भित्र कागजात सहित सिफारिस गरि पठाउनहुन समेत अनुरोध छ ।

**छात्रवृत्ति कार्यक्रममा सहभागी हुनका लागि आवश्यक कागजात :**

१. श्रमिकको राहदानीको प्रतिलिपि वा राहदानी खुल्ने कागजात,

२. (छात्र/ छात्रा वा संरक्षकको) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

३. श्रमिकको मृत्युदर्ताका प्रमाणपत्र वा अंगभंग वा गम्भीर बिरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

४. छात्र /छात्रा र श्रमिक बिचको नाता प्रमाणपत्रको प्रतिलिपि,

५. छात्र / छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि,

६. श्रमिकको करार अवधि भित्रै अंगभंग वा बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्वे कागजात ।

थप जानकारीका लागि : रोजगार सेवा केन्द्र
९८४९६३९४१४ (रोजगार संयोजक, प्रमिला पाठक)

प्रमिला पाठक
रोजगार संयोजक
अधिकृत

अनुसूची-२
(कार्यविधिको दफा ७ (३) सँग सम्बन्धित)
**विद्यालयको सिफारिसको ढांचा**

मिति : ...............

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
....................पालिका ,............।

**विषय : सिफारिस सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग बिरामी भइ बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरूलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

| क्र. सं. | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं. | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता | मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

संलग्न कागजात

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,
(ख) छात्र/छात्रा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,
(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,
(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणपत्रको प्रतिलिपि,
(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,
(च) छात्र/छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

अनुसूची-१
(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)
छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा

मिति : .................

श्री. प्रधानाध्यापकज्यू
..........................

विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलब्ध गरी पाउँ।

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको ............................................वैदेशिक रोजगारीका सिलसिलामा मिति ............................ मा .......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु:-

संलग्न कागजातहरू

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्बर खुल्ने कागजात,
(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्बर,
(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,
(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,
(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,
(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

निवेदक
नाम थर :
ठेगाना :
संम्पर्क नं. :
कक्षा :
रोल नं. :

सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं